# प्रेरितको पुस्तक

प्रेरितको पुस्तक लूका नामका व्यक्तिद्धारा लेखिएको दुई भागको दोस्रो पुस्तक हो। यो दोस्रो पुस्तकको सुरुवात चाहिँ ठिकै पहिलो पुस्तकको अन्तमा भएको छ। यो यरुशलेममा उहाँका चेलाहरुकहाँ देखा पर्ने र स्वर्गमा पिताकहाँ जानुभएका येशूको कथाको केही अंश पुन:बताएर सुरु हुन्छ। लूकाको सुसमाचारको ठूलो भागले येशूको यरुशलेमाको यात्रा र त्यहाँ येशूको शिक्षा र मृत्यु र पुनरुत्थानमा विशेष केन्द्रित गरेको छ। अब लूकाले आफ्नो दोस्रो पुस्तकमा, लूकाले येशूका चेलाहरु र प्रेरितहरुलाई यरुशलेम शहर, यहूदियाको देश, र छिमेकी समारिया र पृथ्वीका अन्तसम्म परमेश्वरको राज्यको घोषण गरेको कथालाई निरन्तरता दिएको छ।



**लेखक:** लूका एक चिकित्सा डाक्टर र प्रेरित पावलका सहकर्मी।

**मीति:** ६०-६९ AD बीचमा लेखिएको थिए।

**मूल दर्शक:** थियोफिलस नाम गरेको व्यक्ति र येशूको गैर-यहूदी अनुयायीहरु।

**पुस्तकको मुख्य उद्देश्य:** लूकाको सुसमाचारले येशूका कार्यहरु र शिक्षाहरुको बारेमा बताएको छ। कहिलेकहीँ मानिसहरुले यो दोस्रो पुस्तकलाई "प्रेरितहरुका कार्यहरु" भन्दछन्, तर यस पुस्तकलाई "पवित्र आत्माका कार्यहरु" भन्न सकिन्छ। येशूले पवित्र आत्मा आउने बारे प्रतिज्ञा गरेर भन्नुभयो, "तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।" (१:८), पुस्तकको बाँकी भागले पवित्र आत्माको कथा बताउँछ जसले साधारण मानिसहरुलाई अविश्वसनीय कामहरु गर्न र येशूको सुसमाचारलाई धेरै ठाउँहरुमा लैजान्छ।
प्रेरित इतिहासको पुस्तक हो। लूकाले मण्डलीको पहिलो ३० वर्षको इतिहास लेख्छन्। कथा यरुशलेमबाट सुरु भएर यहूदिया, सामरिया, सिरिया, साइप्रस, र एशिया माइनरका धेरै शहरहरु, ग्रिस र मेसिडोनिया र अन्तमा रोममा पुग्छ। लूकाले प्रचार र चमात्कार देखि झ्यालदेखि छुटकारा भएको र जहाज भत्काउने सबै कुरा बताउछन्। लूकाले मण्डलीमा अगुवा बनेका दुई जना पुरुषहरुलाई केन्द्रित गर्दछ: अध्याय १-१२ सम्म पत्रुस, र अध्यय १३-२८ सम्म पावल। परिचय पछि, प्रेरितका पुस्तकमा ६ वटा भागहरु छन्, प्रत्येकलाई मण्डलीको वृध्दिको कथानद्धारा विभाजित गरिएको छ।

1. परिचय: १:१-११
2. यरुशलेममा मण्डलीको सुरुवात: १:१२-६:७
   परमेश्वरको वचन बढ्दैगयो, र चेलाहरूको संख्या यरूशलेममा अत्यन्तै बढ्यो। पूजाहारीहरूमध्ये धेरै जनाले येशू प्रभुलाई विश्वास गरे।(६:७)
3. मण्डलीको सतावट र समारियाका वरपरका देशहरुमा परमेश्वरको मण्डली फैलियो: ६:८-९:३१
   त्यसरी सारा यहूदिया, गालील र सामरियाभरि मण्डलीमा शान्ति भयो र मण्डली सुदृढ़ भयो। प्रभुको भयमा हिँड्दै र पवित्र आत्माको सान्त्वना पाएर मण्डलीमा वृद्धि हुँदैगयो।(९:३१)
4. पत्रुसले अन्यजातिहरुलाई सुसमाचार प्रचार गरेको: ९:३२-१२:२४
   तर परमेश्वरले पठाउनुभएको परमेश्वरको वचनचाहिँ फैलिंदै र बढ्दै गयो। (१२:२४)
5. पावलले अन्यजातिहरुलाई सुसमाचार प्रचार गरेको: १२:२५-१६:५
   यसरी मण्डलीहरू विश्वासमा दह्रिला हुँदै र संख्यामा दिनहुँ बढ्दैगए।(१६:५)
6. पावलले नयाँ अन्यजातिहरुलाई सुसमाचार प्रचार गरेको: १६:६-१९:२०
   यसरी प्रभुको वचन फैलँदैगयो, र प्रभावशाली भयो। (१९:२०)
7. पावलको यरुशलेमको यात्रा, गिरफ्तारी, प्रतिक्षा र कैद: १९:२१-२८:३१

लूकाले रोममा घरमै नजरबन्दमा पावलसँग पुस्तकको अन्त्य गर्दछ, तर मण्डली र परमेश्वरको राज्य अझै विस्तार भइरहेको छ। अन्तिम पदहरु भन्छन्, “पावल पूरा दुई वर्षसम्म आफ्नै खर्चमा रोममा बसे, र तिनीकहाँ आउनेहरू सबैलाई तिनले स्वागत गरे। तिनले खुल्लमखुल्ला र विनारोकटोक परमेश्वरका राज्यको प्रचार गर्थे, र प्रभु येशू ख्रीष्टको बारेमा शिक्षा दिन्थे।(२८:३०-३१)

## पवित्र आत्माको कार्य

बाइबल अध्ययन गर्दा सुरुदेखि अन्तसम्म पढेर र हरेक खण्डलाई ध्यान दिनु धेरै महत्वपूर्ण विषय हो। पुस्तकमा केही विशेष विषयमा चर्च गर्नु पनि सम्भाव छ। तपाईले अध्ययन गर्न सक्ने एउटा विषय चाहिँ प्रेरितको पुस्तकमा पवित्र आत्माको काम हो। प्रत्येक खण्डहरु दुई वा तीन पटक पढ्नुहोस् र यी निम्न प्रश्नहरु सोध्नुहोस्: कथामा पवित्र आत्माले के गर्नुभएको छ?

| | | | | |
|---|---|---|---|---|
| १:६-८ | २:१-१३ | ४:१-१३ | ४:२३-३१ | ६:८-१५ |
| ८:२६-४० | ११:१९-३० | १३:१-१२ | १६:६-१० | २०:१३-२८ |

## प्रार्थना

प्रेरितको पुस्तकमा अर्को महत्वपूर्ण विषय चाहिँ प्रार्थना हो। प्रत्येक खण्डहरु दुई वा तीन पटक पढ्नुहोस् र यी दुई प्रश्नहरु सोध्नहोस्: प्रार्थनाको विषयमा मैले के सिक्न सक्छु? प्रेरितको पुस्तकमा मानिसहरुको उदाहरणलाई/नमुनालाई मैले कसरी पछायउन सक्छु?

| | |
|---|---|
| प्रेरित २:४२-४७ | प्रेरित ४:२३-३१ |
| प्रेरित  ६:१-७ | प्रेरित ८:९-२५ |
| प्रेरित ९:३२-४२ | प्रेरित १२:१-१९ |
| प्रेरित १४:२१-२८ | प्रेरित १६:१६-४० |
| प्रेरित २७:२७-४४ | प्रेरित २८:१-१० |

## साँचो मन्दिर

प्रेरितको पुस्तकको पहिलो धेरै जसो कथाहरु मन्दिरको दरबारमा भएको थियो। लूकाले येशूको चेलाहरुले मन्दिरमा गर्नु पार्ने सबै कार्यहरुको विषयमा बताउँछन्। तिनीहरुले प्रार्थना गर्थे, आराधना, निको पार्ने काम, र गरिबहरुलाई हेरचाह गर्नको निम्ति आफ्नो सम्पति बेचिदिन्थे। त्यही समयमा, मन्दिरका यहूदी धर्मगुरुहरु जसले येशूलाई अस्विकार गरेको थियो, ती धर्मगरुहरुले येशूको अनुयायीहरुलाई रोकवट गरे। लूकाले प्रेरित अध्याय ३-५ मा बताउने कथाहरुले यरुशलेमको मन्दिरबाट साँचो मन्दिरमा सार्ने कुरालाई औंल्याउँछ। साँचो मन्दिर येशूको अनुयायीहरुको समुदाय हो।



## नयाँ मन्दिर

प्रेरित पुस्तकको सुरुमा एउट नयाँ विषय चाहिँ नयाँ मन्दिरको बारेमा हो। पुरानो करारमा, राजा दाउदले परमेश्वरको निम्ति एउटा मन्दिर बनाउन चाहन्थे। परमेश्वरले अगमवक्तद्धारा दाउदसँग बोल्नुभएको थियो कि उसले परमेश्वरको निम्ति मन्दिर वा कुनै घरको आवश्यक नभएको भनी भन्नुभएको थियो। किनभने सारा पृथ्वी/विश्व नै उहाँको निम्ति मन्दिर थियो, तर परमेश्वरले राजा दाउदको छोरा सोलोमनलाई यरुशलेममा मन्दिर बनाउन अनुमति दिनुभयो। जब राजा दाउदको छोरा, सोलोमनले मन्दिर समर्पण गरे र यसो भनी प्रार्थना गरे, “तर के परमेश्वर निश्चय नै पृथ्वीमा वास गर्नुहुन्छ र? स्वर्गहरु, स्वर्गभन्दा पनि उच्च स्वर्गमा तपाई अटाउनुहुन्न भने, मैले निर्माण गरेको यो मन्दिर त झन् कसरी अटाउनुहुन्छ!” (१ राजा ८:२७)

मन्दिर चाहिँ प्रार्थना र बलिदानको ठाउँ र परमेश्वरको आत्मा वास गरेको ठाउँ हुनुपर्छ। येशूले सधको लागि सबै मानिसहरुको निम्ति अन्तिम बलिदान दिनुभयो, अब उसो हामीलाई बलिदानको निम्ति कुनै ठाउँको आवश्यको छैन। जब येशूको पुनरुत्थान भयो, उहाँले आफ्नो पवित्र आत्मा पठाउनुभयो, परमेश्वरको आत्मा सबै येशूलाई पछ्याउनेहरुको ह्रदयमा वास गर्न पठाउनुभयो। अब हामी परमेश्वरको मन्दिर हो जुन ठाउँमा परमेश्वर वास गर्नुहुन्छ। पत्रुसले लेख्छन्,”तिमीहरू पनि जिउँदा ढुङ्गाहरू भएर आओ र आत्मिक मन्दिर बनाउन आफैंलाई सुम्पिदेओ। त्यहाँ तिमीहरू येशू ख्रीष्टको नाताले गर्दा परमेश्वरलाई मनपर्दो आत्मिक बलिदान चढाउने पवित्र पूजाहारीको काम गर्नेछौ।”(१ पत्रुस २:५)